नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३० अंक १०३ २०७७ साल मंसिर २ गते मंगलबार (17 Nov. 2020 Tuesday) मूल्य रु. ५/-
**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशबण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : सामा चकेवा पर्वका लागि ... ३ पृष्ठमा : नेपाल संवत्ले राष्ट्रिय ... ३ पृष्ठमा इथियोपियामा आतंकवादी ...

# तरकारी खेतीबाट मनग्य आम्दानी गर्दै शिक्षित युवाहरु


आफ्नै बारीमा लगाएको तरकारी टिप्दै मलेठका भरत महतो । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १ मंसिर ।**

कतै जागिर नपाएपछि त्यसै निरथक भएर बसेका सप्तरीको राजविराज नगरपालिका वडा नं. ९ मलेठका युवाहरु सामूहिक खेती गरेर मनग्य आम्दानी कमाउन थालेका छन् ।

बीएसम्म पढेका ३६ वर्षिय प्रभुनारायण मेहता विगत १० वर्षसम्म जागिरका लागि भौंतारिएर घरमा निरथक बसेका थिए । चिन्तित भएर बस्नु भएका उनी खेतीबारीमा लागेपछि अहिले दंग छन् । तरकारी खेती गरेर राम्रो आम्दानी कमाउन सकिन्छ भन्ने कुरामा आफूलाई त्यति विश्वास नलागेको बताउँदै युवा कृषक प्रभुनारायणले भने, "पटक पटक लोकसेवा पनि दिएँ तर कतै नाम निस्केन, घर परिवारको बोझ समेत मैमाथि थियो, धेरै चिन्तित थिएँ, यस्तो अवस्थामा तरकारी खेती शुरु गरे, अहिले राम्रो कमाइ भईरहेको छ ।"

आफूले यसपाली पाँच कठामा लगाएको लौका र फर्सी बेचेर दुई महिनामा ८० हजार भन्दा बढी आम्दानी प्राप्त गरिसकेको उनले बताए । घरै बसेरै राम्रो आम्दानी कमाउन सकिने बताउँदै उनी भन्छन्, "१० वर्षसम्म मेरो महत्वपूर्ण समय जागिर खोज्नमै बित्यो, त्यतिबेला मैले समयलाई चिन्न सकिन यद्यपी मेरो योग्यता अनुसारको तलब भन्दा कमाई तरकारी खेतीमा छ । तरकारी खेतीबाट राम्रो आम्दानी हुने भएकोले अब अर्को वर्षदेखि एक देखि डेढ बिगहामा तरकारी खेती गर्ने आफूले सोच बनाएको छु ।"

यस्तै विदेश जाने सोच त्यागेर सोही वडाका शंकर मेहता समेत १४ कठ्ठामा काँक्रा र फर्सी खेती लगाएका छन् । आइएडसम्म अध्ययन गर्नु भएका २० वर्षिय शंकरले बारीमा लगाएको काँक्रा बिक्री गरेर एक महिनामै ५० हजार रुपैयाँ आम्दानी हुने गरेको बताउछन् ।

"स्वदेशमा रोजगारी पाउने सम्भावना नदेखेपछि विदेश जाने निश्चित भईसकेको थियो, त्यसैबेला बीऊ बिजन उद्यमी सोनाई दास गाउँमै आएर तरकारी खेती गर्नका लागि कृषक समूह

*बाँकी तीन पृष्ठमा*

# नेपाल-भारत सीमा नाका खोल्न माग

मलङ्गवा, १ मङ्सिर (रासस) ।

नेपाल-भारत सीमा नाका खोल्न सर्लाहीवासीले माग गरेका छन् । कोरोना सङ्क्रमण नियन्त्रणका लागि लामो समयदेखि बन्द रहेको नेपाल-भारत सो नाकाका कारण दुवै देशका सीमावर्ती क्षेत्रका बासिन्दाले आफूहरु समस्यामा परेको भन्दै नाका नखोलिए आन्दोलन गर्ने चेतावनी दिएका हुन् ।

सोमबार जिल्ला समन्वय समिति सर्लाहीमा बसेको सर्वपक्षीय बैठकले भोलिदेखि आन्दोलन गरिने निर्णय गरेको जनाइएको छ । जिल्ला समन्वय समितिका प्रमुख मेथुर चौधरीको अध्यक्षतामा भएको सर्वपक्षीय बैठकले मलङ्गवा गोरखकाली सोनवरसा (भारततर्फ) जाने बाटोमा मङ्सिर २ र ३ गते ११ बजेदेखि १ बजे सम्म धर्नामा बस्ने निर्णय गरेको छ ।

सर्वपक्षीय बैठकमा राजनीतिक दलका प्रतिनिधि, सङ्घीय सभा, प्रदेशसभाका सदस्य, पालिका प्रमुखलगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो । धर्नापश्चात पनि सीमा नाकाहरु खुल्ला नगरिए आन्दोलनका थप कार्यक्रम सञ्चालन गर्ने प्रमुख चौधरीद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । सीमा नाका मङ्सिर १ गतेदेखि खुल्ने आशमा रहेका जनता कात्तिक ३० गते सरकारले थप एक महिना बन्द गर्ने निर्णय गरेपछि आक्रोसित बनेका हुन् ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## सम्पादकीय

# विकासका लागि जनताको सहयोग आवश्यक

राजविराज नगरपालिका क्षेत्र भित्रका सडकहरु साँघुरो हुँदै जाँदा अहिले ती सडकहरु फराकिलो गर्ने तर्फ पहल भइरहेको छ । विभिन्न सडकहरु व्यक्तिगत रुपमा अतिक्रमण हुँदै जाँदा सडकहरु साँघुरो हुँदै गएपछि सम्बन्धीत वडाले बाटो फराकिलो गर्नेतर्फ ध्यान केन्द्रित गरिरहेका छन् । यद्यपी केही वडाहरुमा बाटोको समस्या भने यथावतै रहेको छ ।

यसरी जनप्रतिनिधिहरुले जनताको सुविधाका लागि विभिन्न सडक, नाला, ढल तथा बिजुली बत्तिलाई व्यवस्थित गर्न सकेमा वडाको विकास हुनेछ । तर यसका लागि विभिन्न चुनौतीहरु पनि उनीहरुले सामना गर्नुपर्ने हुन्छ । यसका लागि एउटा दिर्घकालिन रणनीति बनाउनु पनि आवश्यक छ ।

तसर्थ यस्ता विकासीय कार्यहरुप्रति जनप्रतिनिधी एक्लैले मात्र नभएर जनताको सहयोग पनि उत्तिकै आवश्यक रहेको छ । यसका लागि सबैको सहयोग आवश्यक रहेको छ ।

# सामा चकेवा पर्वका लागि आकृति बनाउने कार्य शुरू

जनकपुरधाम, १ मङ्सिर (रासस) ।

मिथिलाञ्चलको प्रसिद्ध सांस्कृतिक पर्व सामा चकेवाका लागि सोमबारदेखि माटोको आकृति बनाउने कार्य शुरू भएको छ । सामा चकेवा बहिनी/दिदीद्वारा भाइ र दाजुको दीर्घायुको सम्पन्नताका लागि कामना गरिने पर्व हो । यो पर्व द्वितीया तिथिदेखि पूर्णिमासम्म मनाइन्छ ।

द्वितीया तिथिका दिन बहिनी/दिदीले सामा चकेवा पर्वका लागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरूको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन रहेको छ । मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व लोकनाटचको एउटा रूप हो जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् ।

संस्कृतिविद् रामभरोस कापडि मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवित रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको सामा चकेवा पर्व विशिष्ट सांस्कृतिक सम्पदा भएको बताउनुहुन्छ । उहाँका अनुसार भाइ बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइको बहिनी र पति पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ ।

**के छ सामा चकेवामा ?**

सामा स्त्री र चकेवा पुरूष पात्र हुन् । दुइटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ । त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ । सामा चकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला भन्ने पात्रलाई गाली दिने खालका गीत गाएर बहिनीहरू मनोरञ्जन गर्दछन् । छठको खरना वा पारणदेखि मैथिल ललनाहरू माटोको आकृतिहरू बनाई राति एउटा ढक्कीमा राखी दीप बाली घरबाट बाहिर अन्य साथीहरू मिलेर गीत गाउँदै चौरमा गई यो पर्व मनाउने गर्दछन् ।

परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलन पनि छ । चौरमा सबै महिला आ-आफ्नो डाला एक ठाउँमा राखी चारैतिर वृत्ताकारमा बस्दछन् । यस पर्वमा पति पत्नीका बारेमा चुक्ली लगाउने छुल्याहा चुगला भन्ने पात्रको जुँगाको प्रतीक जुटलाई डढाउने काम हुन्छ । यो क्रम पूर्णिमासम्म चल्ने गरेको पाइन्छ । यसमा सामा चकेवालगायत चुगला, ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावनलगायतका पात्र हुन्छन् ।

सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदी बहिनीले मनोवाञ्छित फल प्राप्तिको कामना गर्दछन् । मूर्तिहरूलाई चलायमान गरी संवादको आनन्द उठाउँछन् । यसमा कुनै बेला वृन्दावनमा आगो लगाउँछन् र कुनै बेला चुगलाको मुख आगोले पोल्छन् । डालामा राखिएका सबै माटोका मूर्तिहरू त्यत्ति बेला जीवन्त भएर आउँछन् जब महिलाहरू त्यसलाई पात्रका रूपमा उभ्याएर गीति संवाद बोल्छन् ।

**कथा तत्व**

मिथिलामा सामा चकेवाको प्रचलन प्राचीन कालदेखिनै रहेको पाइन्छ । यसको सर्वप्रथम चर्चा पद्मपुराणमा पाइन्छ । यो पूर्णरूपमा भाइ बहिनीको प्रेममा आधारित छ । भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्भूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसङ्गको मार्मिक क्षणजस्ता गीति संवाद र अभिव्यक्तिको छोटो कथातत्व बोकेको गीति संरचना रहेको छ ।

स्कन्द पुराणमा सामा चकेवाको कथा सप्रसङ्ग उल्लेख गरिएको छ । जसअनुसार श्यामा (सामा) र चकेवा पतिपत्नी हुन् । श्यामाका पिता कृष्ण छन् भने पति चारूवक्य (चकेवा) । चारूवक्य आश्रममा बस्दथे । श्यामा आफ्ना पतिलाई भेट्न आश्रम गइरहँदा चुगलाले कृष्णकहाँ गई चुक्ली लगाए, "श्यामा कुनै मुनिसँग प्रेम गर्छिन रे !" कृष्ण रिसाएर श्राप दिई चरा बनाइदिए । भाइ शम्बलाई जब यो थाहा भयो, उनी छटपटिन थाले । बुवासँग अनुनय विनय गरे । केही सीप लागेन । अनि तपस्या शुरू गरे । कार्तिक पूर्णिमाका दिन तपस्या पूर्ण भयो र वरदानमा बहिनी श्यामा (सामा) को पूर्व रूपमा पाए । त्यसैले बहिनीद्वारा भाइका लागि यो पर्व मनाउने गरिन्छ ।

चारूवक्य पत्नी वियोग सहन गर्न नसकेर तपस्याकै भरमा चकेवाका रूपमा चरा हुन पुगे । चरा भएकी पत्नी सामासँग बस्न थाले । त्यसै क्रममा उनीहरूको बास रहेको वृन्दावनमा विरोधीहरूले आगो लगाए । उठीबास गर्न धेरै प्रयत्न गरे तर अन्ततः आफ्नो तपस्या र पराक्रमले उनीहरू पुनः मानव रूपमा अवतरण भएको आख्यान रहेको छ ।

**केही गीत**

यस पर्वमा मिथिलाञ्चलको पारिवारिक जीवन तथा लोक आस्थाको अटुट सम्बन्ध देखिन्छ । मानव मात्र होइन, घर परिवारमा रहने चरा, झाँझी कुत्ता, वनतित्तर र जङ्गली जीवनको अद्भूत समन्वय रूप देखिन्छ ।

समाज र परिवार जहाँ हुन्छ, त्यहीँ चुक्ली गर्ने, षड्यन्त्र गर्ने चुगला जस्ता पात्र हुन्छ । कठपुतली नृत्यको आभास दिने यो पर्वमा डोरीले होइन, हातले सञ्चालन हुन्छन् र महिलाहरू सूत्रधारका रूपमा जीवनका गाथाहरू लोक धुनको आधारमा गाउँछन् जसमा अपूर्व र विशिष्ट शैलीको जनजीवनकै उद्वेग प्रवाहित भइरहेको हुन्छ ।

महिलाहरू जब आ-आफ्नो घरबाट डालामा मूर्तिहरू राखी सामा खेल्न चौरतिर निस्किन्छन् तब उनीहरू गाउँछन् :

डालाले बहार भेली, बहिनी से पलाँ बहिनो
फलाँ भइया लेल डाला छीन, सुनु गे राम सजनी.............।

भाइ र उनका परिवारजनको मङगल कामना गर्दै गाइने गीतमा जनकपुरधामको चर्चा आउनु महत्वपूर्ण सङ्केत गर्दछ । यसले जनकपुरको प्राचीनता र समृद्धितिर पनि इङ्गित गरेको प्रस्ट छ :

सिरी रे जनकपुरसँ आबि गेल भ्रमरा
लागि गेल पनमा दुकान.................. ।

जब चुगला बारी आउँछ, त्यसलाई बायाँ हातमा समाती

बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी
- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।
यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस ।
महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपाल संवत्ले राष्ट्रिय एकता सुदृढ गर्न थप मद्दत पुग्ने छ : राष्ट्रपति

भक्तपुर, १ मङ्सिर (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको मौलिक नेपाल संवत्ले सम्पूर्ण नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गरी राष्ट्रिय एकता सुदृढ गर्न थप मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठानले नेसं ११४१ का अवसरमा सोमबार मध्यपुरथिमिमा आयोजना गरेको माल्यार्पण कार्यक्रममा सोमबार दिनुभएको शुभकामना सन्देशमा उहाँले नेपाली समाज सभ्य र सहिष्णु समाज भएकाले हाम्रा चाडपर्वलाई असल परम्पराले थप सुदृढ बनाउँदै लगेको जनाउँदै नेसंलाई देशव्यापी बनाउनुपर्नेमा जोड दिनुभयो।

शुभकामना सन्देशमा भनिएको छ, "लिच्छविकालीन राजा राघवदेवको समयमा गरीब जनतालाई ऋणमुक्त गरी शंखधर साख्वाःले यस संवत्लाई प्रचलनमा ल्याएको पाइन्छ, आजको दिन राष्ट्रिय विभूति साख्वाःको उक्त परोपकारी कामलाई स्मरण गर्दै समाजको उन्नति र प्रगतिमा निःस्वार्थ भावनाले अग्रसर रहन हामी सबैमा प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दछु।"

**सुधारका नेतृत्वकर्ता साख्वाको विशेष स्मरणः प्रम**

यसै अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले शुभकामना सन्देश दिँदै यहाँका विविधतायुक्त मौलिक परम्परा सिंगो राष्ट्रका साझा पूँजीका रुपमा अङ्कित भएको र एकताको राष्ट्रिय पूँजीलाई मुलुक निर्माणको आधारस्तम्भका रुपमा आत्मसात् गरिएको बताउनुभएको छ।

सिंगो देश नयाँ संविधानअनुरुप नयाँ संरचनागत भौतिक पूर्वाधार र मानवीय विकास क्षेत्रमा नवनिर्माणको चरणमा प्रवेश गरेको बताउँदै उहाँले एकतामार्फत समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न सबैबाट समर्थन हुने विश्वास व्यक्त गर्नुभएको छ।

नेसंका सुखद् अवसरमा काठमाडौँ उपत्यकामा तत्कालीन सुधारको नेतृत्वकर्ता तथा नेसंका प्रवर्त्तक साख्वाको विशेष स्मरण गर्न चाहेको बताउँदै प्रधानमन्त्री ओलीको शुभकामना सन्देशमा भनिएको छ, "हामी जननिर्मित संविधानको संस्थागत कार्यान्वयनमार्फत मुलुकलाई विकास र समृद्धिको दिशामा अग्रसर गराइरहेका छौँ। यस अवसरमा राष्ट्रको समृद्धि र जनताको सुख प्राप्तिका लागि एकताबद्ध हुन सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक आह्वान गर्दछौँ।" कोरोना भाइरसको महामारीबाट बची विशेष सतर्कता अपनाउँदै चाडपर्व मनाउन उहाँले सबैमा आह्वान पनि गर्नुभएको छ।

*सामा चकेवा ...*

त्यसको जुँगा भनी राखिएको सनपाट (जुट) मा दाहिने हातले आगो लगाउँदै निभाउँदै महिलाहरू यस प्रकारको गीत गाउँछन् :
धान-धान-धान, भइया कोठी धान
चुगला कोठी भुस्सा ......।

प्रतीकात्मक रूपमा भैयाकोठी धान र चामल भनी भाइको समृद्धिको कामना गरिन्छ भने चुक्ली लगाउने दुष्ट प्रवृत्तिको कोठीमा भुसा र खरानी भएको देखाएर तिरस्कृत र लाञ्छित गर्ने काम गरिएको छ।

सम्पन्नतासँगै भाइ वीर र योद्धा पनि छन्। वृन्दावनमा आगो लाग्दा निभाउने कोही नभएको अवस्थामा बहिनीलाई भाइमाथि विश्वास भएको गीत यसरी गाइन्छ :
वृन्दावनमे आगि लागै
कोइ ने मिझावे हे
हमर भैया फलना भैया
दौडि -दौडि मिझाबे हे..........।

सामा चकेवाको विसर्जनको बेलाको गीत मर्मस्पर्शी हुने गरेको छ :
सामचको, सामचको अइह हे
जोतल खेतमे बइसिह हे......... ।

पूर्णिमाका दिन सामा चकेवालाई अर्को वर्ष फेरि कूड खेतमा आई बस्नु है भन्दै सबै माटोका पात्रहरूको विसर्जन गरिने चलन रहेको छ।

*तरकारी खेतीबाट ...*

गठन गर्यो, त्यसमा म पनि सहभागी भएँ" उनले अगाडी भने, "तरकारी खेतीबाट राम्रो आम्दानी हुँदैन कि जस्तो लागि रहेको थियो तर अहिले म धेरै खुशी छु।"

पहिलाको र अहिलेको मलेठमा धेरै परिवर्तन भएको स्थानिय कृषक भरत प्रसाद मेहताले स्वीकारछन्। बीएससीसम्म अध्ययन गरेर निरर्थक घरमा बस्दै आएका उनी तरकारी खेतीबाट राम्रो कमाई हुन थालेकोमा खुशी व्यक्त गर्छन् "यसपाली १४ कठ्ठामा तरकारी खेती गरेको छु, आगामी वर्ष कम्तीमा एक विगहा पुर्याउने सोच बनाएको छु", ३६ वर्षिय युवा कृषक भरतले भने, "मलेठ अहिले हरियाली वडाको रुपमा चिनिन थालेको छ। यहाँबाट प्रत्येक दिन सय क्वीन्टल भन्दा बढी तरकारी बिक्रीका लागि पठाईन्छ।"

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### इथियोपियामा आतंकवादी आक्रमण, ३४ जनाको हत्या

आदिस अबाबा, १ मंसिर (रासस-एएनआई)।

अफ्रिकी मुलुक इथियोपियामा शनिबार भएको आतंकवादी आक्रमणमा कम्तीमा ३४ जनाको मृत्यु भएको छ।

इथियोपियाको मानव अधिकार आयोगका अनुसार देशको पश्चिमी बेनिशाङ्गुल-गुमुज क्षेत्रमा एउटा यात्रुबाहक बसमा सशस्त्र आतंककारी समूहले आक्रमण गरेका थिए।

आयोगले आक्रमणकारी समूहको पहिचान र आक्रमण गर्नुको कारण भने खुलाएको छैन।

हालैका महिनाहरूमा बेनिशाङ्गुल-गुमुज क्षेत्रमा विभिन्न जातीय समूहहरूबीच हिंसात्मक झडपहरू हुने गरेका छन्। यी आक्रमण-प्रत्याक्रमणबाट सयौं व्यक्तिको ज्यान जानुका साथै हजारौं मानिस विस्थापित भएका छन्।

### जान्सेनको कोभिड-१९ खोप तेस्रो चरणमा प्रवेश

लन्डन, १ मंसिर (रासस-एपी)।

फर्मास्युटिकल कम्पनी जोन्सन एन्ड जोन्सनको सहायक कम्पनी जान्सेनले विकास गरेको प्रयोगात्मक कोरोनाभाइरस खोपलाई तेस्रो चरणको परीक्षणका लागि बेलायत सरकारले अनुमति दिएको छ।

करिब १२ महिना चल्ने यस खोपको परीक्षणका लागि कम्पनीले बेलायतका करिब ६,००० व्यक्तिलाई समावेश गर्ने जनाएको छ।

अध्ययनको नेतृत्व गरिरहनु भएका डा साउल फाउस्टले जान्सेनको खोपको बेलायतमा पहिलो परीक्षण गर्न लागिएको बताउनुभयो। उहाँले खोप परीक्षणका लागि विश्वभरका छ देशका करिब ३० हजार व्यक्तिलाई समावेश गरिने जानकारी दिनुभयो।

फाइजर र यसको साझेदार जर्मन कम्पनी बायोएनटेकले गत साता एक विवरण सार्वजनिक गर्दै आफूले तयार गरेको खोप ९० प्रतिशत सफल रहेको जनाएको थियो।

साउथह्याम्पटन विश्वविद्यालयका प्राध्यापक समेत रहनु भएका डा फाउस्टले फाइजरको खोपले मानिसमा उत्पन्न गर्ने भाइरस विरुद्धको प्रतिरोधी क्षमता कति लामो समय रहन्छ भन्ने स्पष्ट भइनसकेको बताउनुभयो।

फाउस्टले बेलायतमा हुने परीक्षणमा सहभागी हुने आधाजसो व्यक्तिमाथि प्लासिबोको प्रयोग गरिने पनि जानकारी दिनुभयो।

बेलायतमा जान्सेन सहित ६ वटा कम्पनीलाई कोभिड-१९ को खोप परीक्षणको अनुमति प्राप्त भएको छ।

### बंगलादेशमा कोभिडको संक्रमण बढ्दो, छ हजारभन्दा बढीको मृत्यु

ढाका, १ मङ्सिर (रासस/सिन्ह्वा)।

बंगलादेशमा पनि पछिल्लो समयमा कोभिड १९का संक्रमितहरू बढ्दै गएको बताइएको छ।

बंगलादेशमा आइतवार मात्र १ हजार ८३७ जना संक्रमित भेटिएका बताइएको छ। बंगलादेशमा शुरुमा कोभिडका संक्रमित नदेखिएको भए पनि अहिले बढ्दै गएका छन्।

यहाँ अहिलेसम्म ४ लाखभन्दा बढी संक्रमित भएका छन्। बंगलादेशमा आइतबारसम्म ४ लाख ३२ हजार ३३३ जना संक्रमित भएका छन्।

यहाँका ३ लाख ४३५ जना संक्रमित निको भएका छन्। बंगलादेशको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार यहाँ १.३४ प्रतिशत नागरिकको मृत्यु भएको छ।

बंगलादेशको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार यहाँका नागरिकमा निको हुने दर ८०.८५ प्रतिशत रहेको पनि बताएको छ।

बंगलादेशका अधिकारीहरुले पछिल्लो समयमा यहाँ कोभिड संक्रमितहरूको संख्या बढ्दै गएको बताएका छन्।

अधिकारीहरूले यहाँका संक्रमितहरूको निको हुने दरमा पनि वृद्धि हुदै गएको पनि बताएका छन।

### फिलिपिन्समा आँधीबाट ६७ जनाको मृत्यु, १२ बेपत्ता

मनिला, १ मङ्सिर (रासस/सिन्ह्वा)।

फिलिपिन्समा आँधीबाट मृत्यु हुने नागरिकको संख्या ६७ पुगेको बताइएको छ।

फिलिपिन्सको राष्ट्रिय प्रकोप व्यवस्थापन केन्द्रले जनाएअनुसार यहाँको आँधीबाट मृत्यु हुनेको संख्या ६७ पुगेको छ।

यसै हप्ता आएको सो आँधीबाट अरु १२ जना हराइरहेका पनि बताइको छ। आँधीसँगै आएको बाढी र पहिरोका कारण ती १२ जना हराइरहेका सो प्रकोप व्यवस्थापन विभागले जनाएको छ।

अधिकारीहरूले आँधीमा परी हराएका व्यक्तिको खोजी कार्य जारी रहेको बताएका छन्। त्यसैगरी यहाँ आँधीले पुर्याएको क्षतिलाई राहात र उद्धारको काम जारी रहेको बताएका छन्।

# आयोडिनयुक्त नुनको प्रयोगमा वृद्धि

लहान, १ मङ्सिर (रासस)।

सिरहाका सीमावर्ती क्षेत्रमा सरकारी अनुदानको आयोडिनयुक्त नुन सहजै पाउन थालेपछि यसको प्रयोग गर्नेहरूको संख्यामा वृद्धि भएको हो ।

वर्षौंदेखि ढिके नुनको प्रयोग गर्दै आएका यहाँका स्थानीयवासी पछिल्लो समय आयोडिनयुक्त नुनको प्रयोग गर्न थालेका हुन् । आयोडिनयुक्त नुनको महत्व र फाइदाबारे व्यापक प्रचारप्रसार, स्थानीय प्रशासनले भारतीय नुनको आयातमा गरिएको कडाइ र सहजै आयोडिनयुक्त नुन पाउन थालेपछि सीमावर्ती ग्रामीण क्षेत्रमा ढिके नुनको प्रयोग घट्दै गएको हो ।

पछिल्लो समय यस क्षेत्रका नागरिकमा दुई बालबालिकाको चिन्ह भएको आयोडिनयुक्त नुनप्रति आकर्षण बढेको बरियापट्टी गाउँपालिका-४ का सरोज कुमार महतोले बताउनुभयो । उहाँले भन्नुभयो, “आयो नुनको फाइदा बारे थाहै थिएन्, त्यसैले हामी भारतीय ढिके नुनको प्रयोग गर्दै आएका थियौं, अब भन्ने आयोडिनयुक्त नुनकै प्रयोग गर्न थालेका छौं ।”

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले गाउँमै आयोडिनयुक्त नुनको महत्व, उपयोगिता र फाइदाबारे गाउँ गाउँमा प्रचारप्रसार गरेर बिक्री गर्न थालेपछि यसप्रति उपभोक्ताको आकर्षण बढेको उहाँको भनाइ छ ।

आयोडिन नुन उपभोगले बालबालिकामा गलगाड आउने, लाटो लठेब्रो हुने जस्ता शारीरिक समस्या कम हुँदै जान्छ भने मानसिक रुपमा फुर्तिलो, शारीरिक रुपमा स्वस्थ्य, स्मरण शक्तिको वृद्धिसँगै बालबालिकाहरुमा पढ्ने रुचीको विकास हुने हुँदा आयोडिनयुक्त नुनको प्रयोग बढ्दै गएको सखुवानन्कारकट्टी गाउँपालिकाका शम्भु यादवले बताउनुभयो । उहाँले भन्नुभयो, “करिब दुइ वर्षअघिसम्म गाउँका अधिकाँश व्यक्तिले भारतीय ढिके नुनको प्रयोग गर्थे, तर अब अधिकाँशले आयो नुनको प्रयोग गर्न थालिसकेका छन् ।”

विगतमा आयोडिनयुक्त नुन लिनका लागि टाढा जानु पर्ने भएकाले पनि स्थानीयवासी ढिके नुन नै बढी प्रयोग गरिने गरेको थियो । अहिले गाउँमै सुपथ मूल्यमा पाउन थालेपछि हामीलाई सजिलो भएको उहाँको भनाइ छ । प्रहरी प्रशासनले पनि भारतीय नुन आयातमा कडाइ गरेपछि भारतीय ढिके नुन बन्द भएको उहाँको भनाइ छ । आयोडिनयुक्त नुन बजारमा रु.२० मा बिक्री भइरहेको छ ।

“भारतीय सीमासँग जोडिएको सिरहाको बरियारपट्टी, औरही, भगवानपुर, सखुवानन्कारकट्टी गाउँपालिकालगायत स्थानमा भारतीय ढिके नुनको प्रयोग बढी भइरहेको थियो”, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड लहानका प्रमुख जितेन्द्र साहले भन्नुभयो, “भारतीय नुन प्रयोग भइरहेको स्थानहरुमा आयोडिनयुक्त नुनको प्रचारप्रसार गरेपछि अहिले भारतीय नुनको प्रयोगमा करिब ९० प्रतिशत कमी आएको छ ।” स्थानीयवासीमा आयो नुनप्रति आकर्षण बढेसँगै सिरहामा आयोडिनयुक्त नुनको माग पनि बढेको उहाँको भनाइ छ ।

प्रमुख साहका अनुसार दुई तीन वर्ष अघिसम्म सिरहामा वार्षिक ४०/४५ हजार बोरा आयो नुन खपत हुँदै आएकोमा पछिल्लो समय वार्षिक एक लाख बोरा आयो नुन खपत हुन थालेको छ । आर्थिक वर्ष २०७५/०७६ मा एक लाख २०० बोरा आयो नुन खपत भएकोमा आर्थिक वर्ष २०७६/०७७ मा एक लाख ५०० बोरा आयो नुन बिक्री भएको प्रमुख साहको भनाइ छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# दुर्घटनामा सञ्चारकर्मी मनिषाको मृत्यु

देउखुरी, १ मङ्सिर (रासस)।

तुलसीपुर उपमहानगरपालिका -१९ बिजौरी निजासी सञ्चारकर्मी मनिषा लामिछानेको सवारी दुर्घटनामा परी सोमबार अपराह्न मृत्यु भएको छ । बिजौरीबाट उहाँ कार्यरत रेडियो हाम्रो पहुँचमा आउँदै गरेको रा १ प ६७२१ नम्बरको मोटरसाइकललाई तुलसीपुरको गुल्म चोकमा लुअअक ३९४६ नम्बरको स्कारपिओ गाडीले ठक्कर दिँदा मोटरसाइकल चालक विराज लामिछाने र उनकी बहिनी मनिषा घाइते भएका थिए । दुवैलाई राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा सामान्य उपचारपछि थप उपचारका लागि कोहलपुर लगिएको थियो । मनिषाको उपचारका क्रममा निधन भएको प्रहरीले जनाएको छ ।

मनिषा दाङको तुलसीपुरबाट प्रसारण हुने रेडियो हाम्रो पहुँचमा सहायक प्राविधिक पदमा कार्यरत हुनुहुन्थ्यो । इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक शिवबहादुर सिंहले ठक्कर दिने गाडी र चालक अहिले नियन्त्रणमा रहेको बताउनुभयो । घाइते बिराजको भने कोहलपुरमै उपचार भइरहेको बताइएको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*